# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६६) काठमाडौं, साउन ३१ गते, २०७३ साल (संख्या २१

## भाग ३

नेपाल सरकार

### सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयको सूचना

### स्थानीय स्वायत्त शासन (आठौं संशोधन) नियमावली, २०७३

स्थानीय स्वायत्त शासन नियमावली, २०५६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २६५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरूको नाम "स्थानीय स्वायत्त शासन (आठौं संशोधन) नियमावली, २०७३" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २२३ (२) मा संशोधन : स्थानीय स्वायत्त शासन नियमावली, २०५६ (यसपछि "मूल नियमावली भनिएको) को नियम २२३ को उपनयिम (२) मा रहेका "पचहत्तर प्रतिशत" र "पच्चीस प्रतिशत" भन्ने शब्दहरूको सट्टा क्रमश: "सत्तरी प्रतिशत" र "तीस प्रतिशत" भन्ने शब्दहरू राखिएका छन् ।

३. मूल नियमावलीको नियम २२४ मा संशोधन : मूल नियमावलीको नियम २२४ मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :-

"तर महिला, आदिवासी/जनजाति, मधेसी, दलित, अपाङ्ग र पिछडिएको क्षेत्रमा स्थायी बसोबास भएका कर्मचारीहरूको उल्लिखित सेवा अवधिमा एक वर्ष कम सेवा अवधि भए पनि बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन सक्ने छन् ।"

४. मूल नियमावलीमा नियम २२५ख१. थप : मूल नियमावलीको नियम २२५ख. पछि देहायको नियम२२५ख१. थपिएको छ :-

"२२५ख१. कार्यसम्पादन तथा अनुभवको मूल्याङ्कनद्वारा बढुवा भएका कर्मचारीको समायोजन सम्बन्धी व्यवस्था : (१) यो नियम प्रारम्भ हुनुभन्दा अघि कार्यसम्पादन तथा अनुभवको मूल्याङ्कनद्वारा बढुवा भएका कर्मचारीहरूको समायोजनको लागि स्थानीय निकायले यो नियम प्रारम्भ भएको मितिले एक महिनाभित्र स्थानीय निकायको सम्बन्धित पद र तहको पुल दरबन्दी सिर्जना गरी त्यसरी बढुवा भएका कर्मचारीहरूलाई त्यस्तो दरबन्दीमा समायोजन पदस्थापन गर्नेछ ।

(२) यो नियम प्रारम्भ हुनुभन्दा अघि कार्यसम्पादन तथा अनुभवको मूल्याङ्कनद्वारा हुने बढुवाको लागि दरखास्त आह्वान भई बढुवा नियुक्ति पाउन बाँकी रहेका तथा यो नियम प्रारम्भ भएको मितिले एक वर्षभित्र कार्यसम्पादन तथा अनुभवको मूल्याङ्कनद्वारा हुने बढुवाको लागि दरखास्त आह्वान भई बढुवा हुने कर्मचारीहरूको समायोजनको लागि स्थानीय निकायले सम्बन्धित पद र तहको पुल दरबन्दी सिर्जना गरी त्यसरी

बढुवा भएका तथा बढुवा हुने कर्मचारीहरूलाई त्यस्तो दरबन्दीमा समायोजन पदस्थापन गर्नेछ।

(३) उपनियम (१) र (२) बमोजिम समायोजन पदस्थापन भएपछि निजहरू बढुवा हुनुभन्दा पहिले बहाल रहेको पद स्वतः खारेज हुनेछ।

(४) उपनियम (१) र (२) बमोजिम समायोजन पदस्थापन भएको दुई महिनाभित्र स्थानीय निकायले साविकको सङ्गठन संरचना र दरबन्दीको पुनरावलोकन गरी कार्यसम्पादन तथा अनुभवको मूल्याङ्कनद्वारा बढुवा भएका तथा बढुवा हुने कर्मचारीहरूको समायोजनको लागि आवश्यक पर्ने दरबन्दीको स्तरोन्नती र थप दरबन्दीको यकिन गरी स्वीकृतिको लागि सम्बन्धित परिषद्मा पेश गर्नु पर्नेछ। त्यसरी पेश गरिने विवरणमा साविकको दरबन्दी, कार्यसम्पादन तथा अनुभवको मूल्याङ्कनद्वारा बढुवा भएको तथा हुने कर्मचारीको विवरण तथा पुनःसंरचना गरी समायोजन गर्न सकिने दरबन्दीको विवरण खुलाउनु पर्नेछ।

(५) उपनियम (४) बमोजिमको विवरण प्राप्त भएपछि सम्बन्धित परिषद्ले सो को विश्लेषण गरी उपयुक्त ठहराएको दरबन्दी एक महिनाभित्र स्वीकृत गर्नेछ।

(६) उपनियम (५) बमोजिम स्वीकृत भएको दरबन्दीमा स्थानीय निकायले सम्बन्धित कर्मचारीको पद र तह बमोजिम ज्येष्ठता समेतका आधारमा पदस्थापन गर्नेछ।

(७) उपनियम (६) बमोजिम पदस्थापन भएपछि त्यस्तो पुल दरबन्दी स्वतः खारेज हुनेछ।"

५. मूल नियमावलीको नियम २२८ मा संशोधन : मूल नियमावलीको नियम २२८ को खण्ड (ज) पछि देहायको खण्ड (झ) थपिएको छ :-

"(झ) स्थानीय निकायको पूर्व स्वीकृति लिएर बाहेक अन्यत्र कुनै प्रकारको नोकरी गर्ने वा आर्थिक लाभ वा अन्य

कुनै सुविधा प्राप्त गर्ने गरी परामर्शदाता, सल्लाहकार, विशेषज्ञ वा कुनै हैसियतले सेवा प्रदान गर्ने कार्य गरेमा ।

तर यो खण्ड प्रारम्भ हुनु अगावै अन्यत्र कुनै प्रकारको नोकरी वा आर्थिक लाभ वा अन्य कुनै सुविधा प्राप्त गर्ने गरी परामर्शदाता, सल्लाहकार, विशेषज्ञ वा कुनै हैसियतले सेवा प्रदान गर्ने कर्मचारीले यो खण्ड प्रारम्भ भएका मितिले तीस दिनभित्र त्यस्तो नोकरी वा सेवा छाडेको प्रमाण सहित निवेदन दिएमा निजलाई यस नियमावली बमोजिम सजाय गरिने छैन ।"

६. मूल नियमावलीको नियम २२९ मा संशोधन : मूल नियमावलीको नियम २२९ को,-

(१) उपनियम (१) को खण्ड (छ) पछि देहायको खण्ड (ज) थपिएको छ :-

"(ज) स्थानीय निकायको पूर्व स्वीकृति लिएर बाहेक अन्यत्र कुनै प्रकारको नोकरी गर्ने वा आर्थिक लाभ वा अन्य कुनै सुविधा प्राप्त गर्ने गरी परामर्शदाता, सल्लाहकार, विशेषज्ञ वा कुनै हैसियतले सेवा प्रदान गर्ने कार्य गरेमा ।"

(२) उपनियम (२) को खण्ड (ख) पछि देहायको खण्ड (ग) थपिएको छ :-

"(ग) स्थायी आवासीय अनुमति लिएमा वा सो को लागि आवेदन दिएमा ।

स्पष्टीकरण : यस परिच्छेद र परिच्छेद-५ को प्रयोजनको लागि "स्थायी आवासीय अनुमति" भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकी वा नतोकी सो मुलुकमा स्थायी रुपले बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाईभर्सिटी इमिग्रेन्ट भिसा (डि.भी.), परमानेन्ट रेजिडेन्ट भिसा (पि. आर.) वा ग्रीन कार्ड सम्झनु पर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रुपमा बसाबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमति समेतलाई जनाउँछ ।"

७. मूल नियमावलीमा नियम २२९क. र २२९ख. थप : मूल नियमावलीमा नियम २२९ पछि देहायका नियम २२९क. र २२९ख. थपिएका छन् :-

"२२९क. स्वयम् घोषणा गरी विवरण पेश गर्नु पर्ने : (१) यो नियम प्रारम्भ हुनु अघि स्थायी आवासीय अनुमति लिएका वा त्यस्तो अनुमतिका लागि आवेदन दिएका स्थानीय निकायका प्रत्येक कर्मचारीले यो नियम प्रारम्भ भएको मितिले तीस दिनभित्र त्यसको स्वयम् घोषणा गरी देहाय बमोजिमको विवरण आफू कार्यरत कार्यालयमा पेश गर्नु पर्नेछ :-

(क) कर्मचारीको नाम, थर, सेवा, समूह र हालको पद,

(ख) स्थायी आवासीय अनुमति लिएको भए त्यस्तो अनुमति लिएको र स्थायी अनुमति प्राप्त गर्नको लागि आवेदन दिएको भए त्यस्तो आवेदन दिएको मिति,

(ग) सम्बन्धित विदेशी मुलुकको नाम,

(घ) आफूले लिएको स्थायी आवासीय अनुमति परित्याग गर्न वा त्यस्तो अनुमतिको लागि दिएको आवेदन रद्द गराउन इच्छुक भए नभएको ।

(२) कुनै कर्मचारीको सगोलको पति वा पत्नीले स्थायी आवासीय अनुमति लिएको भएमा यो नियम प्रारम्भ भएको मितिले तीस दिनभित्र सम्बन्धित कर्मचारीले आफू कार्यरत कार्यालयमा उपनियम (१) बमोजिमको विवरण पेश गर्नु पर्नेछ ।

२२९ख. सजाय नहुने : (१) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो नियम प्रारम्भ हुनुभन्दा तत्काल अघि आफू कार्यरत स्थानीय निकायको पूर्व स्वीकृति लिई अन्यत्र कुनै प्रकारको नोकरी वा सेवा प्रदान गरिरहेका कर्मचारीले यो नियम प्रारम्भ भएको मितिले तीस दिनभित्र त्यस्तो नोकरी वा सेवा छाडेको प्रमाण सहित निवेदन

दिएमा निजलाई यस नियम बमोजिम सजाय हुने छैन ।

(२) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो नियम प्रारम्भ हुनु अघि स्थायी आवासीय अनुमति लिएको वा त्यस्तो अनुमतिको लागि आवेदन दिएको कुनै कर्मचारीले सो कुरा स्वीकार गरी यो नियम प्रारम्भ भएको मितिले साठी दिनभित्र आफूले प्राप्त गरेको स्थायी आवासीय अनुमति त्यागेको वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि दिएको आवेदन रद्द गर्नको लागि सम्बन्धित मुलुकमा लिखित अनुरोध गरेको प्रमाण सहित निवेदन दिएमा त्यस्तो कर्मचारीलाई यस नियम बमोजिम सजाय हुने छैन ।"

८. मूल नियमावलीको नियम २४४ मा संशोधन : मूल नियमावलीको नियम २४४ को उपनियम (१) मा रहेका "साठी दिन" भन्ने शब्दहरूको सट्टा "अन्ठानब्बे दिन" भन्ने शब्दहरू राखिएका छन् ।

९. मूल नियमावलीमा नियम २६४क१. र २६४क२. थप : मूल नियमावलीको नियम २६४क. पछि देहायका नियम २६४क१. र २६४क२. थपिएका छन् :-

"२६४क१. अन्यत्र नोकरी वा सेवा गर्न नहुने : (१) स्थानीय निकायका कर्मचारीले अन्यत्र कुनै प्रकारको नोकरी गर्न वा आर्थिक लाभ वा कुनै सुविधा प्राप्त गर्ने गरी परामर्शदाता, सल्लाहकार, विशेषज्ञ वा कुनै हैसियतले सेवा प्रदान गर्ने कार्य गर्नु हुँदैन ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कार्य गर्न बाधा पुगेको मानिने छैन :-

(क) आफ्नो पदीय कर्तव्य पालनाको वा अधिकार प्राप्त अधिकारीले तोकेको वा लगाएको कार्य गर्दाको सिलसिलामा कसैलाई सेवा प्रदान गर्न,

(ख) प्रचलित कानून बमोजिम अध्ययन विदा लिई स्वदेशी वा विदेशी शैक्षिक संस्थामा अध्ययन गर्दाको बखत सम्बन्धित शैक्षिक संस्थामा कुनै सेवा पु¥याउन वा त्यस्तो संस्थाले लगाएको कुनै कार्य गर्न,

(ग) राष्ट्रिय वा अन्तर्राष्ट्रिय शैक्षिक, प्राज्ञिक वा अनुसन्धानमूलक सङ्घ, संस्था वा नेपाल सदस्य राष्ट्र रहेको क्षेत्रीय वा अन्तर्राष्ट्रिय सङ्घ संस्थाको सेवा सम्बन्धित स्थानीय निकायको लागि उपयोगी हुने देखी स्थानीय निकायले बिदा वा काज स्वीकृत गरेकोमा त्यस्तो सङ्घ संस्थामा सेवा गर्न,

(घ) स्थानीय निकायको स्वीकृति लिई नेपाल सरकार तथा स्थानीय निकायको नीति विपरीत नहुने गरी स्वदेश वा विदेशस्थित कार्यक्रममा सहभागी हुन, प्रवचन दिन वा कार्यपत्र प्रस्तुत गर्न,

(ङ) स्थानीय निकायको पूर्व स्वीकृति लिई कार्यालय समय बाहेकको समयमा शैक्षिक, प्राज्ञिक वा प्रशिक्षण संस्थामा प्रशिक्षण वा अनुसन्धान गर्न,

(च) नेपाल सरकारद्वारा सञ्चालित वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रणमा रहेको वा स्थानीय निकायको प्रशिक्षण संस्थामा स्थानीय निकायको काममा बाधा नपर्ने गरी प्रशिक्षण सम्बन्धी कार्य वा अनुसन्धान गर्न,

(छ) स्थानीय निकायको काममा बाधा नपर्ने गरी मानव कल्याण, परोपकार वा सामाजिक भलाईका लागि सेवा पु¥याउन,

(ज) आर्थिक लाभ वा कुनै सुविधा नलिने, स्थानीय निकायको काममा बाधा नपर्ने र नेपाल सरकारको तथा स्थानीय निकायको

अहित नहुने गरी आफ्नो पेशागत सङ्गठन वा अन्य कुनै सामाजिक संस्थामा आबद्ध हुन ।

स्पष्टीकरण : यस खण्डको प्रयोजनको लागि "सामाजिक संस्था" भन्नाले सामाजिक आवश्यकता पूरा गर्ने सिलसिलामा परम्परा देखि समुदायमा आधारित भई समाजमा क्रियाशिल रहेका सामाजिक सङ्घ वा संस्था सम्झनु पर्छ र सो शब्दले प्रचलित कानून बमोजिम दर्ता भएका साहित्य, कला, संस्कृति, खेलकूद, सङ्गीत, विज्ञान, धर्म वा यस्तै अन्य कुनै विधा वा क्षेत्रसँग सम्बन्धित संस्थालाई समेत जनाउँछ ।

(३) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि लोक सेवा आयोग वा स्थानीय निकायबाट पदपूर्तिका लागि लिइने प्रतियोगितात्मक परीक्षाको प्रकृयामा संलग्न हुने कर्मचारीले त्यस्तो प्रशिक्षण कार्यक्रममा प्रशिक्षण दिन र त्यस्तो प्रशिक्षण कार्यक्रममा प्रशिक्षण दिएको व्यक्तिले त्यसपछि एक वर्षसम्म सञ्चालन हुने त्यस्तो परीक्षाको प्रकृयामा संलग्न हुन पाउने छैन ।

२६४क२. स्थायी आवासीय अनुमति लिन नहुने : स्थानीय निकायका कर्मचारीले स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदन दिन हुँदैन ।"

१०. खारेजी : मूल नियमावलीको नियम २२५ख. खारेज गरिएको छ ।

आज्ञाले,
महेन्द्रमान गुरुङ
नेपाल सरकारका सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।-
गो.हु.द.नं. १६।२०६२।६३